कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रमाणीकरण विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ८२
दर्ता मितिः २०८३।०८।०२

## स्थानीय तहमा अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ -

**प्रस्तावना:** नेपालको संविधान र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को व्यवस्था बमोजिम स्थानीय तहमा स्थायी र अस्थायी रुपमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिको हक र अधिकारको संरक्षण र संवर्द्धन गर्दै सुरक्षित र मर्यादित जीवनका लागि आधार तयार गर्न समुदायमा आधारित समावेशी विकासको अवधारणालाई आत्मसात गरी अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "स्थानीय तहमा अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(ग) "मर्यादित जीवन" भन्नाले अपाङ्गता भएका व्यक्तिले अन्य व्यक्तिसरह समान रुपमा आधारभूत आवश्यकता प्राप्त भएको र व्यक्तिको स्वतन्त्रता, निर्णय क्षमता र सहभागितामा बृद्धि भएको अवस्था सम्झनुपर्दछ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ङ) "स्थायी बसोबास" भन्नाले सम्बन्धित स्थानीय तहमा जन्म दर्ता र नागरिकता एवम् बसाईसराई गरी आएका अपाङ्गता भएका व्यक्ति सम्झनुपर्छ।

(च) "अस्थायी बसोबास" भन्नाले सम्वन्धित स्थानीय तहमा अन्य स्थानीय तहबाट अध्ययन र जीविकोपार्जनका सिलसिलामा आएर बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्ति सम्झनुपर्छ।

सचिव

(छ) **"अपाङ्गता लक्षित"** भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले अपाङ्गताको प्रकृति र गम्भीरताका आधारमा वर्गीकरण गरेका सबै प्रकार र वर्गलाई सम्झनुपर्दछ।

३. <u>अनुदान परिचालनका उद्देश्य</u>: वार्षिक बजेटमा विनियोजन गरेको अनुदान परिचालन गर्दा देहायका उद्देश्यमा लक्षित हुनुपर्नेछः-

(क) अपाङ्गताका सम्बन्धमा सरोकारवालालाई आवश्यक सचेतना तथा पैरवी गर्नु,

(ख) अपाङ्गता भएका व्यक्तिको क्षमता अभिबृद्धि गर्नु,

(ग) अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य अधिकारको संरक्षण र प्रवर्धन गर्नु,

(घ) अपाङ्गता भएका व्यक्ति तथा तिनको परिवारको आर्थिक सामाजिक सशक्तिकरण र उद्यमशिलता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नु।

४. **<u>कार्यक्रम सञ्चालनका आधारः</u> कार्यक्रम सञ्चालनका गर्दा देहायको आधारमा रहेर गर्नुपर्नेछः-**

(क) कार्यक्रम कार्यन्वयन गर्दा समुदायमा आधारित पुनःस्थापना कार्यक्रमको ५ वटा स्तम्भ (स्वास्थ्य, शिक्षा, जीविकोपार्जन वा रोजगारी, अपाङ्गता भएका व्यक्ति र अभिभावक वा संरक्षकको सशक्तिकरण र सामाजिक सुरक्षा) लाई आधार मानी अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधन गर्ने गरी योजना बनाउनुपर्नेछ।

(ख) स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिको हक र अधिकार प्राप्तिका लागि काम गरिरहेका कुनै पनि संघसंस्थासँग सो संस्थाको थप साझेदारी हुनेगरी सञ्चालन गर्न सक्नेछ।

(ग) खण्ड (ख) बमोजिम कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थालाई प्राथमिकता दिनुपर्नेछ।

(घ) सशर्त बजेट परिचालन गर्दा सम्बन्धित स्थानीय तह र सम्बन्धित संस्थाको लागत साझेदारीमा सञ्चालन गर्न सकिनेछ ।

(च) कार्यक्रमका लागि संस्था छनौट दोस्रो त्रैमासिक भित्र गरिसक्नु पर्नेछ।

५. <u>कार्यक्रमसँग सम्बन्धित क्रियाकलापः</u> (१) स्वास्थ्य सेवासँग सम्बन्धी स्तम्भ अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप हुनेछन्;-

(क) अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारमा आवश्यक सहयोग, औषधी लगायत स्वास्थ्यसँग सम्बन्धित सामग्री दिन सकिने,

(ख) अपाङ्गताका कारण हुने अवरोध कम गर्न सहायक सामग्री उपलब्ध गराउन सकिने,

सचिव

(ग) स्वास्थ्य सेवा प्रदायक लगायत स्वास्थ्य स्वयम् सेवकलाई पहुँचयुक्त स्वास्थ्य सेवाका सम्बन्धमा अन्तरक्रिया सञ्चालन गर्न सकिने,

(घ) अपाङ्गता भएका व्यक्ति र पूर्ण अपाङ्गता भएका व्यक्तिको अभिभावकलाई परामर्श सेवा प्रदान गर्ने,

(ङ) अपाङ्गतापन रोकथामका लागि शिविर राख्न सकिने।

(२) शिक्षासँग सम्बन्धित स्तम्भ अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप हुनेछन्;-

(क) नियमित विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीका लागि एकमुष्ठ छात्रवृत्ति वा शैक्षिक सामग्रीहरु (जस्तै ब्रेल पेपर, कापी, स्कूल ब्याग र पोशाकसमेत आदि) वितरण वा सहयोग गर्न सकिने,

(ख) अनौपचारिक सिकाइलाई प्रवर्धन गर्न विद्यालयबाट विमुख अपाङ्गता भएका व्यक्तिलाई साक्षरता (ब्रेल, स्पर्श संकेत, सांकेतिक भाषामा समेत) सञ्चालन गर्न सकिने,

(ग) पूर्ण अपाङ्गता भएका व्यक्ति खासगरी अटिजम सम्बन्धी अपाङ्गता, बौद्धिक अपाङ्गता, श्रवण-दृष्टिविहीन लगायतका अभिभावकलाई हेरचाहकर्तासँग सम्बन्धित तालिम सञ्चालन गर्न सकिने,

(घ) विद्यालयका प्रधानाध्यापक र जनप्रतिनिधिलाई समावेशी शिक्षा र पहुँचयुक्त विद्यालयका बारेमा अन्तरक्रिया सञ्चालन गर्न सकिने,

(ङ) विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीका निम्ति खेलकुदको आयोजना वा खेलकुद सामग्री वितरण गर्न सकिने ।

(३) जीविकोपार्जन वा रोजगारी र स्वरोजगारी सम्बन्धी स्तम्भ अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप हुनेछन्;-

(क) अपाङ्गता भएका व्यक्तिहरुको सीप विकासका लागि कृषि वा उद्योगमा आधारित रही व्यवसायिक सीप प्रदान गर्न सकिने,

(ख) रोजगारी प्रवर्धनका लागि शिक्षित अपाङ्गता भएका व्यक्तिका लागि कम्प्युटर, उद्घघोषक, सोधपुछ लगायतका तालिम प्रदान गर्न सकिने,

(ग) अपाङ्गता भएका व्यक्तिले कुनै व्यवसाय गर्न चाहेमा व्यवसायका लागि बीउ पूँजी प्रदान गर्न सकिने,

(घ) अपाङ्गता भएका व्यक्तिको रोजगारी प्रवर्धन गर्न र बजारीकरणमा सहयोग गर्न रोजगारदाता, व्यवसाय वा उद्योग सञ्चालक तथा वित्तीय संघ संस्थाहरुसँग अन्तरकृया गराइ पहुँच अभिबृद्धि र पैरवी गर्ने,



सचिव

(ङ) अपाङ्गता भएका व्यक्तिको लागि सहुलियत ऋण एवम् विशेष अनुदानका लागि पैरवी गर्ने।

(४) अपाङ्गता भएका व्यक्ति र अभिभावक वा संरक्षकको सशक्तिकरणसँग सम्बन्धी स्तम्भ अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप हुनेछन्;-

(क) अपाङ्गता भएका व्यक्तिलाई विद्यमान ऐननियम तथा सेवा सुविधाका बारेमा अभिमुखीकरण गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र लिने प्रक्रियाका सम्बन्धमा अन्तरक्रिया सञ्चालन गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको स्थानीय वडामा पैरवी समूह बनाउने,

(घ) स्थानीय पालिकाभरी काम गर्ने गरी अपाङ्गता भएका व्यक्तिको संजाल बनाउने।

(५) सामाजिक विषयसँग सम्बन्धी स्तम्भ अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप हुनेछन्;-

(क) अपाङ्गता भएका व्यक्तिको कला, साहित्य तथा प्रतिभा प्रस्फुटन हुने क्रियाकलाप सञ्चालन गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरुका बीचमा खेलकुद प्रतियोगिता वा खेलकुद कार्यक्रम सञ्चालन गर्न सक्ने,

(ग) अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्य एवम् अभिभावकहरुलाई परामर्श सेवा प्रदान गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिको मनोरञ्जन, अधिकार सुनिश्चित गर्न वनभोज, भ्रमण लगायतका क्रियाकलाप गर्ने।

६. <u>लेखापरीक्षण</u>: स्थानीय तहले प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराउनुपर्नेछ ।

७. <u>अनुगमन र मुल्याङ्कन सम्बन्धी व्यवस्था</u>: (१) स्थानीय तहमा अपाङ्गता लक्षित कार्यक्रमको प्रभावकारीताका लागि मन्त्रालय र सम्बन्धित स्थानीय तहले अनुगमन गर्न सक्नेछ।

(२) सम्बन्धित स्थानीय तहले मूल्याङ्कनबाट प्राप्त सुझावलाई दफा ८ बमोजिमको प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्नेछ।

८. <u>प्रतिवेदन</u>: स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र अनुसूची बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको इमेल mowcswdisability@gmail.com मा पठाउनुपर्नेछ।

सचिव

## अनुसूची

(दफा ८ सँग सम्बन्धित)

## प्रतिवेदनको विस्तृत ढाँचा

१. प्रारम्भिक खण्ड

- स्थानीय तहको विवरणः (पालिकाको नाम, ठेगाना, आर्थिक वर्ष, प्रतिवेदन अवधि)
- साझेदार संस्थाको विवरणः (यदि अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थासँग सहकार्य गरिएको छ भने)

२. परिचय तथा पृष्ठभूमि

३. वित्तीय तथा लागत साझेदारी भएमा सो को विवरण

| क्र.सं. | बजेट स्रोत / निकाय | स्वीकृत बजेट (रु.) | वास्तविक खर्च (रु.) | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान (मन्त्रालय) | | | |
| २ | स्थानीय तह लागत साझेदारी | | | |
| ३ | साझेदार संस्था लागत साझेदारी | | | |
| जम्मा | | | | |

४. स्तम्भगत भौतिक तथा वित्तीय प्रगति

(क) सञ्चालित क्रियापलापः

४.१ स्वास्थ्य सेवासँग सम्बन्धित स्तम्भः स्वास्थ्य उपचार, सहायक सामग्री वितरण, परामर्श, स्वयंसेवक अन्तरक्रिया, रोकथाम शिविर आदिको संख्या ।

४.२ शिक्षासँग सम्बन्धित स्तम्भः छात्रवृत्ति, ब्रेल/साक्षरता, हेरचाहकर्ता तालिम, समावेशी शिक्षा अन्तरक्रिया, खेलकुद सामग्री।

४.३ जीविकोपार्जन/रोजगारी स्तम्भः व्यावसायिक सीप, उद्घोषक/कम्प्युटर तालिम, बीउ पूँजी, सहुलियत ऋण पैरवी।

४.४ सशक्तिकरण सम्बन्धी स्तम्भः ऐन-नियम अभिमुखीकरण, परिचयपत्र प्रक्रिया, वडा स्तरमा पैरवी समूह तथा पालिका सञ्जाल गठन।

सचिव

४.५ सामाजिक विषयसँग सम्बन्धित स्तम्भः कला/प्रतिभा प्रस्फुटन, खेलकुद प्रतियोगिता, अभिभावक परामर्श, वनभोज/भ्रमण कार्यक्रम।

(ख) मुख्य उपलब्धीः

१.

२.

३.

४.

(ग) लाभान्वित वर्गको वर्गिकरण सहितको विवरण

| क्र.सं. | नाम/ठेगाना | लिङ्ग र उमेर | अपाङ्गताको प्रकार र वर्ग | लाभ लिएको कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

५. अनुगमन तथा मूल्याङ्कन

६. प्रतिनिधिमूलक वैयक्तिक घटना

- व्यक्ति/परिवारको विवरणः
- कार्यक्रम पूर्वको अवस्था र चुनौतीः
- प्रदान गरिएको सहयोग/सहजीकरणः
- परिणाम तथा जीवनस्तरमा परेको प्रभावः

७. समस्या, चुनौती तथा सिकाइहरू

- कार्यान्वयनमा देखिएका व्यावहारिक चुनौती र आगामी वर्षका लागि सुधारका सुझाव।

८. अनुसूचीः

- अनुगमन प्रतिवेदन,
- साझेदार संस्थाको योगदानको प्रमाण,
- कार्यक्रमको तस्बिर र लाभान्वितको भर्पाई सूचीको प्रमाणित प्रतिलिपी।

नेपाल सरकार

सचिव